बैठक संख्या: ०४/२०८२-०८३ मिती : २०८२।०८।१७ गते

स्थान : रासी नगरपालिका सभाहल समय : विहान ७:४५ बजे

रासी नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री देवेन्द्र लामाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो।

तपसिल

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री देवेन्द्र लामा | का.नगर प्रमुख | |
| २ | श्री सिद्धिलाल स्याङतान | वडा अध्यक्ष वडा नं. १ | |
| ३ | श्री श्यामसुन्दर उप्रेती | वडा अध्यक्ष वडा नं.२ | |
| ४ | श्री शिवकान्त ओली | वडा अध्यक्ष वडा नं.३ | |
| ५ | श्री केदार प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं.४ | |
| ६ | श्री सिताराम तामाङ | वडा अध्यक्ष वडा नं.५ | |
| ७ | श्री जल्लु महतो थारु | वडा अध्यक्ष वडा नं.६ | |
| ८ | श्री सुमिता डल्लाकोटी | वडा अध्यक्ष वडा नं.७ | |
| ९ | श्री पुर्ण प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं.८ | |
| १० | श्री खड्ग बहादुर तमाङ्ग | वडा अध्यक्ष वडा नं.९ | |
| ११ | श्री ~~तेज बहादुर तमाङ~~ मान कुमार चेपाङ | का. वडा अध्यक्ष वडा नं.१० | |
| १२ | श्री बुद्धि बहादुर तामाङ | वडा अध्यक्ष वडा नं.११ | |
| १३ | श्री अर्जुन प्रजा | वडा अध्यक्ष वडा नं.१२ | |
| १४ | श्री अशोक कुमार प्रजा | वडा अध्यक्ष वडा नं.१३ | |
| १५ | श्री गोमादेवी धरेल | कार्यपालिका सदस्य | |
| १६ | श्री मित्रा कुमारी तितुङ | कार्यपालिका सदस्य | |
| १७ | श्री कविता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १८ | श्री रमिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री मिना कुमारी अधिकारी | कार्यपालिका सदस्य | |
| २० | श्री आइती देवी दराई | कार्यपालिका सदस्य | |
| २० | श्री रेलबहादुर प्रजा | कार्यपालिका सदस्य | |
| २२ | श्री भक्त बहादुर सुनार | कार्यपालिका सदस्य | |
| २३ | श्री सुरेन्द्र प्रधान | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित

| क्र.स. | पदाधिकारी/कर्मचारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गोविन्द प्याकुरेल | ब.लेखा अधिकृत | |
| २ | श्री विजेलाल डाँगी | अधिकृत छैठौं | |
| ३ | श्री रमेश चौधरी | क. अ. | |
| | | | |

राप्ती नगर कार्यपालिका बैठकको निर्णयहरु

(बैठक संख्या : ४-२०८२/०८३) मिति २०८२ मंशिर १७ गते

| क. स. | प्रस्तावको बेहोरा/क्षेत्र | निर्णयको बेहोरा |
|---|---|---|
| १ | १६ औं नगर सभाको मिति तय गर्ने सम्वन्धमा । | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ को उपदफा १ बमोजिम राप्ती नगर पालिकाको नगर सभा १६ औं अधिवेशन बैठक (चालु आ.व. २०८२/०८३ को) मिति २०८२ पौष ३० गते हुने गरी मिति तय गर्ने निर्णय गरीयो । |
| २ | भदौ २३ र २४ गतेको जेन जी (Generation-Z) आन्दोलनले क्षति भएको वडा कार्यालय र नगरपालिका भवनको संरचना निर्माणका लागि बजेट सम्वन्धमा। | भदौ २३ र २४ गतेको जेन जी (Generation-Z) आन्दोलनले क्षति भएको वडा कार्यालय र नगरपालिकाको संरचना पुननिर्माण गरी साविककै भौतिक अवस्थामा ल्याउन चालु आ. व. २०८२/०८३ को स्वीकृत कार्यक्रमहरु विपद व्यवस्थापन विपद कार्यक्रम खर्च शीर्षक नं. २७११२/३११५९ मा विनियोजित रकम, १३ वटै वडा कार्यालयहरुको वडा समिति मार्फत निर्णय भई आएको वजेट शीर्षकको रकम र नगरपालिकाले निर्णय गरेको शीर्षकको रकमबाट प्राविधिक इष्टिमेट बमोजिम बजेट व्यवस्थापन गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रचलित विधि बमोजिम निर्माण कार्य गर्ने निर्णय गरियो । |
| ३ | चालु आ.व. २०८२/०८३ को बजेट रकमान्तरण र स्रोतान्तरण सम्वन्धमा । | भदौ २३ र २४ गतेको जेन जी (Generation-Z) आन्दोलनले क्षति भएको वडा कार्यालय र नगरपालिकाको संरचना निर्माण गरी तत्काल सेवा प्रारम्भ गराउन आवश्यक वजेट व्यवस्थापनका लागि उपलब्ध स्रोतको बजेट रकमान्तरण र स्रोतान्तरण गर्न र चालु आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिका तथा वडा कार्यालबाट तोकिएको प्रथामिकता प्राप्त योजना तथा कार्यक्रममा स्रोत अभाव हुन नदिन कम प्रथामिकता प्राप्त शीर्षकगत बजेटमा उपलब्ध स्रोतबाट रकमान्तरण र स्रोतान्तरण गरी स्रोत व्यवस्थापन गर्न नगरपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गर्ने निर्णय गरीयो। |
| ४ | भदौ २३ र २४ गतेको जेन जी (Generation-Z) आन्दोलनको क्षतिले साविक वडा कार्यालय/नगर पालिकाको कार्यालयको सेवा तत्काल शुरु गर्न अत्यावश्यक फर्निचर तथा मेशिनरी औजार खरिद सम्वन्धमा। | भदौ २३ र २४ गतेको जेन जी (Generation-Z) आन्दोलनको क्षतिले वडा कार्यालय/नगर पालिकाको कार्यालयको सेवा शिघ्र शुरु गर्न अत्यावश्यक फर्निचर तथा मेशिनरी औजार तत्काल खरिदका लागि प्रचलित कानुनले तोकेको सवैभन्दा छिटो सामान उपलब्ध हुने विधी प्रयोग गर्न कार्यालयलाई सैद्दान्तिक सहमती प्रदान गरीयो । |
| ५ | कार्यालयबाट गरेको निर्माणजन्य ठेक्काको म्याद सकिएका ठेक्काको म्याद थप गर्ने निर्णय अनुमोदन तथा म्याद सकिन लागेको ठेक्काको म्याद थप गर्ने सम्वन्धमा । | (तलको तालिका) |

**ठेक्काहरुको म्याद थप**

आ.व.: २०८२/०८३

| सि. नं. | ठेक्काको विवरण | |
|---|---|---|
| १ | ठेक्काको नाम: | Construction of Rigid Pavement of Khukhure to Thakurivhanjyang Road. |
| | ठेक्का नम्बर : | 003/Works/NCB/RM/080/081 |
| | ठेक्का भएको आ.व./सम्झौता मिति: | 2081-02-14 |
| | यस अघिको अन्तिम म्याद : | 2082-03-25 |

| | | | |
|---|---|---|---|
| | | कार्यालयले हाल थपेको अन्तिम म्याद : | 2083-03-15 |
| | २ | ठेक्काको नामः | Consruction Bhandara Hospital Chitwan |
| | | ठेक्का नम्बर : | 001/Works/NCB/RM/077/078 |
| | | ठेक्का भएको आ.व./सम्झौता मितिः | 2078-03-22 |
| | | यस अघिको अन्तिम म्याद : | 2082-08-28 |
| | | कार्यालयले हाल थपेको अन्तिम म्याद : | 2083-08-28 |
| | ३ | ठेक्काको नामः | Blacktopped roads at rapti municipality ward 6 |
| | | ठेक्का नम्बर : | 001/Works/NBC/RM/078/079 |
| | | ठेक्का भएको आ.व./सम्झौता मितिः | 2078-10-06 |
| | | यस अघिको अन्तिम म्याद : | 2082-03-25 |
| | | कार्यालयले हाल थपेको अन्तिम म्याद : | 2082-10-15 |
| | ४ | ठेक्काको नामः | Madan Toll Pakhribash to Itta Bhatti Blacktop Road Construction. |
| | | ठेक्का नम्बर : | 002/Works/NCB/RM/078/079 |
| | | ठेक्का भएको आ.व./सम्झौता मितिः | 2078-12-29 |
| | | यस अघिको अन्तिम म्याद : | 2082-03-25 |
| | | कार्यालयले हाल थपेको अन्तिम म्याद : | 2082-08-20 |
| | ५ | ठेक्काको नामः | Construction of Rapti Municipality 12 Exceutive Office. |
| | | ठेक्का नम्बर : | 026/Works/NCB/RM/077/078 |
| | | ठेक्का भएको आ.व./सम्झौता मितिः | 2078-04-22 |
| | | यस अघिको अन्तिम म्याद : | 2082-08-29 |
| | | कार्यालयले हाल थपेको अन्तिम म्याद : | 2082-12-15 |
| | कार्यालयबाट म्याद थप भएका ठेक्काहरुको अनुमोदन र म्याद सकिन लागेका ठेक्काको म्याद थप गर्ने निर्णय गरियो। | | |

रासी नगर कार्यपालिका बैठकको निर्णयहरु

(बैठक संख्या : ४-२०८२/०८३) मिति २०८२ मंशिर १७ गते

| | | |
|---|---|---|
| ६ | विगत तथा गत आ.व. को दायित्व भुक्तानी बाँकी भुक्तानीका लागि सहजीकरण गर्ने सम्वन्धमा । | रासी नगरपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमको खर्च शीर्षकहरुमा आ.व. २०८०/०८१ र आ.व. २०८१/०८२ को चालु तथा पुँजिगत तर्फका कार्यक्रम तथा योजनाहरुको भुक्तानी बाँकी भनी बजेट शीर्षक रहेको तथा सोको खर्च लेखाङ्कनका लागि नगरपालिकामा सम्वन्धित भुक्तानीको सक्कल कागजात सहितको फायल रहेकाले सोको कागजात बमोजिमको कामको अपनत्व नगर कार्यपालिकाले लिँदै भुक्तानीका लागि कार्यालयलाई आवश्यक निर्देशन दिने तथा सहजीकरण गर्ने निर्णय गरियो । |
| ७ | अतिरिक्त समय काम गर्ने तथा योजना अनुगमन गर्ने कर्मचारीलाई मौद्रिक उत्प्रेरणा गर्ने सम्वन्धमा। | नगरपालिकाको चालु आ.व. २०८२/०८३ तथा विगत आ.व. को समेत भुक्तानी व्यवस्थापन गर्नुपर्ने, योजनाहरुको सम्झौता, अनुगमन, अनुशिक्षण तथा भुक्तानी व्यवस्थापन गर्नुपर्ने र सो कार्यका लागि मौजुदा कर्मचारीले कार्यालय समय भन्दा अतिरिक्त समय समेत खटी कार्य गर्नुपर्ने भएकाले रासी नगरपालिकाले तोकेको अतिरिक्त समय काम गर्ने कर्मचारीलाई निजले अतिरिक्त समय काम गरेवापत रोष्टर वनाई चालु आ. व. को स्वीकृत खर्च शीर्षकबाट व्यहोर्ने गरी मासिक हिसावले खाईपाई आएको तलबको अधिकतम् ३० प्रतिशत सम्म अतिरिक्त भत्ता व्यवस्थापन गर्ने निर्णय गरियो। साथै अनुगमन तथा नापजाँचमा समय खर्च गर्नुपर्ने कर्मचारीको हकमा नगरपालिका स्तरिय अनुगमन तथा सार्वजनिक निर्माण/कामको स्थलगत अध्यावधिक मुचुल्काका लागि खटिने कर्मचारीलाई योजनाको कन्टिजेन्सी कट्टी वापतको रकमबाट व्ययभार हुने गरी योजना तथा कार्यक्रमको अनुगमन गर्न जाँदा प्रति योजना प्रतिव्यक्ति रु. ३००/- खाजा तथा चिया खर्च भत्ताको रुपमा उपलब्ध गराउने निर्णय गरियो।<br>अतिरिक्त समय काम गर्ने तथा योजना अनुगमन गर्ने कर्मचारीलाई दिने मौद्रिक उत्प्रेरणालाई थप व्यवस्थित गर्न **कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यविधि, २०७५** मार्फत व्यवस्थापन गराउने निर्णय गरियो। |
| ८ | सेवा परामर्श सम्बन्धी कार्यालयको निर्णय अनुमोदन तथा म्याद थप सम्बन्धमा । | यस कार्यालयको (नगर प्रमुख/का.वा नगर प्रमुख /प्रमुख प्रशासकीय अधिकृत स्तरीय) निर्णयानुसार भएका कामको अनुमोदन गर्ने निर्णय गरियो ।<br>**सेवा करार कर्मचारी**<br>क) नगरपालिकाको मुख्य भवनको सरसफाईको लागि परामर्श सेवाबाट मिति २०८२ मंशिर १४ गते देखि मिति २०८३ असार मसान्त सम्म म्याद राखि नियुक्ति गरिएका सरसफाईकर्मी श्री अनिल कुमार डोमलाई परामर्श सेवामा राखिएको निर्णय अनुमोदन र रासी नगरपालिका वडा नं. ११ को सहायक कम्प्युटर अपरेटरको दरबन्दीमा श्री राधिका लामा र वडा नं. १३ को सहायक कम्प्युटर अपरेटरको दरबन्दीमा श्री दिपेन्द्र श्रेष्ठलाई लाई मिति २०८२ मंशिर १ देखि पुष मसान्त सम्म परामर्श सेवाबाट राखे गरी म्याद थप गर्ने निर्णय गरियो ।<br>**कार्यालय सुरक्षा**<br>ख) नगरपालिकाको मुख्य प्रशासनिक भवन र भण्डारा अस्पतालको सुरक्षाको लागि राखिएको सुरक्षाकर्मीहरुको मिति २०८२ श्रावण १ देखि पुष मसान्त सम्म कार्यको लागि परामर्श सेवाबाट भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो । |

| | | |
|---|---|---|
| ९ | विपद व्यवस्थापन कार्यविधी २०८२ संसोधन सम्वन्धमा। | विपद व्यवस्थापन कार्यविधी २०८२ को मुल कार्यविधिको आसय फरक नपर्ने गरी परिच्छेद २, नियम ७ को उपनियम ६ (क) मा तपसिलको प्रावधान थप गर्ने ।<br>६ (क) <u>**आकस्मिक निर्माणमा विपद व्यावस्थापन कोषमा जम्मा भएको रकम प्रयोग गर्न वाधा नपर्ने:**</u><br>१ रासी नगरपालिकाको सरहद भित्र आकस्मिक रुपमा आईपर्ने प्रकृतिक तथा मानविय विपद् वा हुलदंग,हिंसा, सवारी साधनको दुर्घटनाबाट भएको क्षति वा आन्दोलनबाट भएको भौतिक क्षतिको पुनर्भरण गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाको निर्णयानुसारको सिमा सम्मको रकम विपद व्यवस्थापन कोषबाट खर्च गर्न यस कार्यविधिले वाधा पुगेको मानिने छैन । |
| १० | भण्डारा अस्पतालमा सेवाग्राहीलाई थप सुविधा दिन एम.वि.वि. एस. डाक्टर १ जना र वि.एम.एल.टि. १ जना गरी २ जनाको दरवन्दी थप गर्न अस्थायी दरवन्दी तयार गर्ने सम्वन्धमा । | अस्थायी दरवन्दीको रुपमा स्वीकार गरी भण्डारा अस्पतालका लागि एम.वि.वि.एस. डाक्टर र वि.एम.एल.टि.को दरवन्दी थप गर्न आवश्यक अध्ययन गरी नगर सभामा पेश गर्ने निर्णय गरियो। |
| ११ | भूमि सम्वन्धमा । | भूमि समस्या समाधान आयोग र रासी नगरपालिका विच भएको सम्झौता अनुसार यस नगरपालिकाको क्षेत्र भित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको आवास तथा भूमिमाथिको पहुँच र स्वामित्व स्थापितका लागि भोगचलनमा रहेका जग्गाहरुको नियमानुसार दर्ता भएका जग्गाको नाप नक्सा तयार गर्न तथा स्रेस्ता अभिलेखिकरण गर्न नापी कर्मचारी फिल्डमा खटाउने निर्णय गरियो । |
| १२ | **विविध** | |
| क | राजश्व ठेक्का व्यवस्थापन । | रासी नगर पालिकाको स्थानीय राजश्व बाँडफाँड तथा आन्तरिक राजश्व संकलनका लागि सम्भाव्य निकासीका क्षेत्रहरु; पार्किङ् शुल्क, कवाडी जन्य सामग्रीको निकासी कर, वनजन्य वस्तुको निकासी कर, ईटा निकासी कर, विज्ञापन कर, लगायतका करको संकलनका लागि आवश्यक अध्ययन गरी/गराई राजश्व ठेक्का व्यवस्थापन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो । |
| ख | पदाधिकारी भ्रमण सम्वन्धमा । | चालु आ.व. २०८२/०८३ को स्वीकृत नीति तथा बजेट कार्यक्रमको अधिनमा रही अन्तर पालिकाको न्यायिक सम्पादन र मेलमिलाप व्यवस्थापन सम्वन्धमा अध्ययन तथा अनुभव आदान प्रदानका लागि तोकिएको पदाधिकारी तथा व्यवस्थापक कर्मचारीको टोली अधिकतम् ५ दिनका लागि नेपाल राज्य भित्रको स्थानीय तहको न्यायिक समिति तथा मेलमिलाप केन्द्रको अध्ययन अवलोकनका लागि पदाधिकारी भ्रमण गर्न सैद्धान्तिक अनुमती प्रदान गर्ने निर्णय गरीयो। |
| ग | फोहोर व्यवस्थापन सम्वन्धमा। | रासी नगरपालिकाको फोहोर व्यवस्थापनमा बिगत २०८२ श्रावण महिनादेखि अधिक सर्वसाधारण गुनासो देखिएको तथा हालसम्म करार गरीएको संस्था स्वच्छ वातावरण संग नवीकरण समेत नभएकाले सो सम्वन्धमा आवश्यक छलफलका लागि स्वच्छ वातावरणको प्रतिनिधिलाई नगरपालिकामा वोलाउने निर्णय गरीयो । |
| घ | अदालतको वहस पैरवीको न्यायिक वहस शुल्क भुक्तानीको सैद्धान्तिक स्वीकृत सम्वन्धमा । | रासी नगरपालिका कार्यालय वा जिम्मेवार पदाधिकारी तथा कर्मचारी र मातहतको वड कार्यालय वा सो वडा कार्यालयको जिम्मेवार पदाधिकारी तथा कर्मचारीलाई प्रतिवादी बनाई दायर गरिएको मुद्दाको अन्तिम किनारा नलागे सम्मका लागि न्यायिक बहसका लागि कार्यालयको तर्फबाट |

| | |
|---|---|
| | जिम्मेवार कर्मचारी तथा पदाधिकारीले अधिवक्ता मार्फत गराएको बहसको बहस पैरवी शुल्क वापतको रकम अनुमोदन तथा समर्थन गर्ने निर्णय गरियो । |
| अध्ययन विदाको पूर्व स्वीकृति अनुमोदन सम्बन्धमा । | कोराक स्वास्थ्य चौकीका स्वास्थ्य सेवा/हेल्थ ईन्सपेक्सन समूह सि अ.हे.व. पाँचौ श्री रवि प्रकाश ओझा (क.संकेत नं. २२८०९९) लाई यस कार्यालयको का.वा. नगर प्रमुख स्तरीय मिति २०८२/०७/१३ गतेको अध्ययन विदाको पूर्व स्वीकृत दिने निर्णयलाई अनुमोदन गरियो। |
| करार कर्मचारीको तलब भुक्तानी सम्बन्धम । | विगतमा रासी नगरपालिका अन्तर्गत करार सेवामा न्यायिक सहजकर्ता पदमा कार्यरत श्री विकास मोक्तान र आधारभूत स्वास्थ्य सेवा केन्द्र रासी - ८ जोरकुलोमा कार्यालय सहयोगीको पदमा कार्यरत श्री सिला तमाङ केहि महिनाको पारिश्रमिक नपाएको हुँदा निजहरुको कागजात तथा प्रमाण संकलन गरी भुक्तानी बाँकी पारिश्रमिक भुक्तानी गर्ने । |
| दैनिक ज्यालादारीको ज्याला भुक्तानी सम्बन्धमा. । | विगत रासी नगरपालिका अन्तर्गत दैनिक ज्यालादारीमा वडा नं. २ को वडा कार्यालयमा कार्यालय सहयोगीको पदमा कार्यरत श्री देवी उप्रेती र ७ नं. वडा कार्यालयमा कार्यालय सहयोगीमा पदमा कार्यरत श्री प्रेम कुमारी कुवरको बाँकी केहि महिनाको दैनिक ज्याला रकम भुक्तानी गर्ने निर्णय गरियो । |
| बैकल्पिक उम्मेवादर खटाउने सम्बन्धमा । | रासी नगपालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि २०८२ को दफा १२ मा बैकल्पिक उम्मेदवारलाई खटाउने व्यवस्था रहेको तर समयसीमा नतोकिएको हुँदा रासी नगरपालिका करार कर्मचारी व्यववस्थापन कार्यविधि २०८२ बमोजिम करारमा सिफारिस तथा नियुक्त कर्मचारी कुनैपनि कारण रिक्त भएमा सिफारिस भएको मितिले छ महिना सम्म बैकल्पिक उम्मेदवार सिफारिस तथा नियुक्ति गर्ने यस अघि भएका बैकल्पिक उम्मेदवार नियुक्ति सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो। |
| नगर सभाको १६ औं अधिवेशनमा खटिने कर्मचारीलाई थप सुविधा सम्बन्धमा । | मिति २०८२ पुस ३० गते हुने १६ औं नगर सभाको अधिवेशन सम्पन्न गर्न अतिरिक्त समय खटिने कर्मचारीहरुलाई निजको कार्य जिम्मेवारीको मूल्याङ्कन गरी मुख्य जिम्मेवार कर्मचारी शाखाको विवरण तपसिल रहनेगरी कर्मचारीहरुलाई अधिकतम् एक महिना बराबरको तलव सुविधा भुक्तानी दिने निर्णय गरियो।<br>**तपसिलः**<br>१. कार्यालय प्रमुख<br>२. आर्थिक प्रशासन शाखा<br>३. प्रशासन शाखा<br>४. योजना शाखा<br>५. जिन्सी शाखा |